धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १४ ◆ २०८३ साउन १४ गते बिहीबार, Thursday, July 30, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## ललितपुरको ब्वाइज होस्टेललाई जरिवाना

काठमाडौं । स्थलगत अनुगमनका क्रममा कैफियत देखिएपछि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले ललितपुर महानगरपालिका-१ कुपण्डोलमा रहेको ग्रान्ड ब्वाइज होस्टेललाई रु एक लाख जरिवाना गरेको छ ।

उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३८ बमोजिमको कसुर गरेको पाइएकाले जरिवाना गरिएको विभागले जनाएको छ ।

ललितपुर सातदोबाटोको सिद्धि विनायक श्री गणेश स्टोर र काठमाडौं खरिबोटको कालिञ्चोक सप्लायर्सलाई सरकारले तोकेको ग्यास वितरणसम्बन्धी मापदण्डको पालना गर्दै समानुपातिक तवरले खाना पकाउने ग्यास वितरण गर्न निर्देशन निर्देशन दिइएको छ । विभागले विभिन्न आठ व्यावसायिक फर्ममा स्थलगत अनुगमन गरेको थियो । अधिकांश फर्मलाई विभागले व्यवसायसँग सम्बन्धित कागजात राख्न, बिल बिजक अनिवार्य लागू गर्न निर्देशन दिइएको विभागले जनाएको छ ।

विभागले उद्योग, फर्महरुको अनुगमन गर्दा उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६ बमोजिम आवश्यक कारबाही गरिएको स्पष्ट पारिएको छ ।

## अवैध सम्पत्ति आर्जन गरेको आरोपमा मुद्दा दायर

काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सडक डिभिजन कार्यालय, भक्तपुरका इञ्जिनियर शैलेन्द्रकुमार चौधरीविरुद्ध गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोपमा बुधबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगका अनुसार चौधरीको २०६५ पुस ११ देखि २०८२ असार २९ गतेसम्मको आय-व्ययको अनुसन्धान गर्दा वैधानिक आयभन्दा रु दुई करोड २६ लाख १३ हजार १२३ बढी खर्च तथा लगानी गरेको देखिएको छ । आयोगले सो रकमको स्रोत पुष्टि हुन नसकेको तथा गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको निष्कर्ष निकालेको जनाएको छ । अनुसन्धानका क्रममा चौधरी तथा उहाँको एकाघर परिवारका सदस्यको सार्वजनिक सेवाबाट प्राप्त पारिश्रमिक, जग्गा बिक्री, सापटी लगायत वैधानिक स्रोतबाट कुल रु दुई करोड ७२ लाख ५५ हजार ७६६ आम्दानी भएको देखिएको आयोगले जनाएको छ । सो अवधिमा जग्गा, घर, सवारीसाधन, घर निर्माण, बिमा, शिक्षा, शेयर लगानी तथा बैङ्क खातामा मौज्दातसमेत गरी कुल रु चार करोड ९८ लाख ६८ हजार ८८९ खर्च तथा लगानी भएको आयोगको अनुसन्धानबाट खुलेको छ ।

आयोगले चौधरीविरुद्ध रु दुई करोड २६ लाख १३ हजार १२३ बराबरको बिगो कायम गरी सोही बराबर जरिवाना, कैद तथा गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति जफतको मागदाबी गरेको छ । साथै वास्तविक सम्पत्ति विवरण नदिई झुट्टा विवरण पेस गरेको आरोपमा थप सजायको माग गरिएको छ ।

आयोगले चौधरीकी श्रीमती अर्पना कुमारीका नाममा रहेका गैरकानुनी स्रोतबाट आर्जित भनिएका सम्पत्ति जफत गर्ने प्रयोजनका लागि उहाँलाई पनि प्रतिवादी कायम गरिएको जनाएको छ ।

## लोकतन्त्र सुदृढ बनाउन युवा सहभागितामा जोड

काठमाडौं । लोकतान्त्रिक शासन प्रणालीलाई सुदृढ बनाउन युवा सहभागिता र नागरिक समाजको सक्रिय भूमिकामा जोड दिइएको छ ।

युवा गैरसरकारी संस्था महासङ्घले बुधबार आयोजना गरेको 'युवा र नागरिक समाजः वर्तमान चुनौती र भविष्यको दिशा' विषयक अन्तरक्रियाका वक्ताहरूले युवालाई नीति निर्माण, सुशासन र दिगो विकासका क्षेत्रमा प्रभावकारीरूपमा सहभागी गराउनुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रममा नेपालको संविधानले अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण भेला, सङ्गठन खोल्ने अधिकार तथा सूचनाको हक सुनिश्चित गरेको उल्लेख गर्दै सङ्घीय शासन प्रणालीले स्थानीय तहदेखि सार्वजनिक परामर्शसम्म नागरिक सहभागिताका अवसर विस्तार गरेको प्रस्तुतिकरण गरिएको थियो । नागरिक समाज, सञ्चारमाध्यम, युवा सञ्जाल र सामुदायिक संस्थाले लोकतान्त्रिक सुशासन प्रवर्द्धनमा योगदान पुऱ्याइरहेको पनि कार्यक्रममा औँल्याइएको थियो ।

महासङ्घका महासचिव रविन्द्र लामिछानेले युवाका लागि नेतृत्व विकास, उद्यमशीलता, प्राविधिक तथा व्यावसायिक शिक्षा (सिटिइभिटी), सूचना प्रविधि, हरित रोजगारी, जलवायु कार्य, सामाजिक उद्यम, स्वयंसेवा, सार्वजनिक नीति पैरवी, कृषि आधुनिकीकरण, पर्यटन, अनुसन्धान तथा नवप्रवर्तन, कृत्रिम बौद्धिकता (एआई), विपद् जोखिम न्यूनीकरण, अन्तरराष्ट्रिय फेलोसिप तथा छात्रवृत्ति लगायतका क्षेत्रमा पर्याप्त अवसर रहेको उल्लेख गर्नुभयो ।

"नागरिक समाजका लागि विद्यमान चुनौतीबारे चर्चा गर्दै नागरिक समाजमाथि बढ्दो नियामकीय जटिलता, शान्तिपूर्ण भेला तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी चुनौती, सञ्चार स्वतन्त्रतामाथिको दबाब, डिजिटल माध्यममा हुने दुर्व्यवहार र गलत सूचनाको जोखिम, युवाको सीमित राजनीतिक प्रतिनिधित्व तथा महिला, दलित, आदिवासी जनजाति, मधेसी, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको समान सहभागितामा रहेका अवरोध हटाउन आवश्यक छ", ।

"युवाको क्षमता विकास, नीतिगत पैरवी तथा नागरिक समाजको सशक्तीकरणमार्फत लोकतान्त्रिक मूल्य र सुशासन प्रवर्द्धन गर्न सबै पक्षबीच सहकार्य आवश्यक रहेको बताउनुभयो ।

## सञ्चारमन्त्रीसँग एआइबिडीका सिइओको शिष्टाचार भेटवार्ता, नेपालमा आयोजना हुने सम्मेलनबारे छलफल

*प्रत्यूष समाचारदाता*

काठमाडौं । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनासँग एसिया-प्यासिफिक इन्स्टिच्युट फर ब्रोडकास्टिङ डेभलपमेन्ट (एआइबिडी)का प्रमुख कार्यकारी अधिकृत (सिइओ) फिलोमेना ज्ञानप्रगासमले बुधबार शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

सञ्चार मन्त्रालयमा भएको भेटवार्तामा सञ्चार क्षेत्रको विकास तथा सुदृढीकरण, सामुदायिक रेडियोको भूमिका, आमसञ्चारसम्बन्धी कानुनी व्यवस्था तथा सुधारका पक्षमा गरिएका प्रयास र नेपालमा आयोजना हुन लागेको एआइबिडीको २४औं सम्मेलनका विषयमा छलफल भएको थियो । सो अवसरमा सञ्चारमन्त्री डा तिमिल्सिनाले क्षेत्रीय तथा अन्तरराष्ट्रिय सम्मेलन र विज्ञ तथा पदाधिकारी सम्मिलित उच्चस्तरीय भेटघाटबाट सञ्चार क्षेत्रको विकासमा सहयोग पुगी आमजनता लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले नेपालमा आयोजना हुने एआइबिडीको सम्मेलनमा सञ्चार क्षेत्रका समसामयिक चुनौती र अवसरका बारेमा बहस हुने र नेपाले सरकारले अघि बढाइरहेको सञ्चार कानुन सुधार प्रक्रियामा आवश्यक पृष्टपोषणसहित यसले सहयोग पुर्याउने धारणा व्यक्त गर्नुभयो ।

"एक दशकअघिको तुलनामा अहिले सञ्चार क्षेत्रमा निकै परिवर्तन आइसकेको छ, आगामी दिनमा अझ नयाँ आयाम थपिँदै जानेछन् । त्यसैले सरकारले सञ्चार क्षेत्रका लागि नयाँ कानुन निर्माण गर्ने र पुराना कानुन संशोधन गर्ने काम अघि बढाइरहेको सन्दर्भमा नेपालमा हुने सम्मेलनबाट प्राप्त सुझाव नीति निर्माणमा उपयोगी हुने विश्वास लिएका छौं", मन्त्री तिमिल्सिनाले भन्नुभयो । उहाँले नेपालमा सामुदायिक रेडियोले सूचना प्रवाह, जनचेतना अभिवृद्धि तथा लोकतन्त्र सुदृढीकरणमा महत्वपूर्ण योगदान पुर्याएको उल्लेख गर्नुभयो । रेडियो र टेलिभिजनजस्ता विद्युतीय सञ्चारमाध्यमले लोकतन्त्र प्रवर्द्धन, नागरिक सहभागिता वृद्धि तथा उत्तरदायी शासन प्रणाली निर्माणमा प्रभावकारी भूमिका खेल्दै आएको उहाँको भनाइ थियो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले सञ्चार क्षेत्रले अहिले आर्थिक दिगोपन, प्रविधिगत रूपान्तरण, खस्कँदो विश्वसनीयता लगायतका चुनौती सामना गरिरहेको उल्लेख गर्दै ती चुनौती समाधानका लागि सरकारले प्राथमिकताका साथ काम गरिरहेको बताउनुभयो । भेटका अवसरमा नागरिक पत्रकारिता (सिटिजन जर्नालिज्म)को विस्तार र डिजिटल माध्यमको तीव्र विकाससँगै मुख्यधारका सञ्चारमाध्यमको विश्वसनीयता, व्यावसायिकता र दिगोपनबारे थप गम्भीरतापूर्वक सोच्नुपर्ने समय आएको पनि बताउनुभयो ।

हाल नेपालमा आयोजना हुने एआइबिडीको २४औं सम्मेलन सफल बनाउन सरकार आयोजक संस्थासँग आवश्यक समन्वय, सहकार्य र सहयोग गर्न तयार रहेको पनि सञ्चारमन्त्री डा तिमिल्सिनाले स्पष्ट गर्नुभयो ।

यसैगरी, अहिले एआइबिडीकी प्रमुख कार्यकारी अधिकृत फिलोमेना ज्ञानप्रगासमले दक्षिण एसियामा रेडियो अझै पनि प्रभावकारी सञ्चारमाध्यमका रूपमा रहेको बताउनुभयो ।

## काँकडभिट्टा-लौकही सडक विस्तारले गति लियो

*प्रत्यूष समाचारदाता*

भद्रपुर । पूर्वपश्चिम राजमार्गअन्तर्गतको काँकडभिट्टा-लौकही सडक विस्तार तथा स्तरोन्नति कार्यले पछिल्लो समय तीव्रता पाएको छ ।

एसियाली विकास बैंक (एडिबी)को रु ४६ अर्ब ऋण सहयोगमा निर्माणाधीन आयोजनाअन्तर्गत पूर्वी खण्डमा सडक कालोपत्र गर्ने काम धमाधम भइरहेको छ ।

सडक विभागअन्तर्गतको आयोजना निर्देशनालयमार्फत ९५ किलोमिटर लामो यस सडकलाई पाँच प्याकेजमा विभाजन गरी निर्माण अघि बढाइएको छ ।

आयोजना पूर्वी र पश्चिमी गरी दुई खण्डमा विभाजित छ । पूर्वी खण्डमा काँकरभिट्टादेखि झापाको सीतापुरीसम्म ४५ किलोमिटर तथा पश्चिमी खण्डमा सीतापुरीदेखि सुनसरीको लबीपुरसम्म ५० किलोमिटर सडक पर्छ ।

आयोजनाको पछिल्लो विवरण अनुसार पहिलो प्याकेज (काँकरभिट्टा-सीतापुरी)को भौतिक प्रगति ४७ प्रतिशत पुगेको छ ।

दोस्रो प्याकेज (सीतापुरी-गोठगाउँ)को प्रगति ४२ प्रतिशत तथा तेस्रो प्याकेज (गोठगाउँ-लबीपुर)को भौतिक प्रगति १९ प्रतिशत रहेको छ । काँकरभिट्टा-लौकही सडक योजना (पूर्वी खण्ड) का प्रमुख सुनिलबाबु पन्तका अनुसार हालसम्म पूर्वी खण्डमा १६.५ किलोमिटर सडकमा पहिलो तहको कालोपत्र सम्पन्न भइसकेको छ । मौसमले साथ दिए दैनिक ४०० देखि ८०० मिटरसम्म कालोपत्र गर्ने लक्ष्य राखिएको छ भने एक सातामा करिब सात किलोमिटर सडक कालोपत्र गर्न सकिने उहाँले बताउनुभयो ।

प्रमुख पन्तका अनुसार निर्माण व्यवसायीसँग पर्याप्त बिटुमिन मौज्दात रहेकाले आगामी दसैँसम्म थप १५ किलोमिटर सडक कालोपत्र गर्ने योजना रहेको छ । वर्षायामका कारण केही अवरोध भए पनि निर्माणकार्यलाई निरन्तरता दिइएको उहाँले बताउनुभयो ।

विसं २०८० माघदेखि निर्माण सुरु भएको काँकरभिट्टा-लौकही सडक आयोजना २०८३ साल माघ १८ गतेभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । हाल सडकको बीच भागमा तीन मिटर चौडाइको डिभाइडर निर्माण गर्दै दुवैतर्फ सडक विस्तारको काम एकसाथ भइरहेको आयोजनाले जनाएको छ ।

## नारायणी नदी तीव्र गतिमा तटबन्धन निर्माण गरिँदै

चितवन । चार वर्षअघि सम्झौता भएर सुस्त गतिमा काम भइरहेको नारायणी नदीमा तटबन्धन निर्माणले तीव्रता पाएको छ । समयमा काम हुन नसकेका आयोजनाको कामलाई निर्माण सम्पन्न गर्नकै लागि पछिल्लो समय तीव्रता दिइएको हो ।

गत वर्षको कात्तिकसम्म भौतिक प्रगति कमजोर भएका दुई निर्माण आयोजनाको कामले अहिले पनि गति पाएको हो । सम्झौता भएर पनि समयमा सम्पन्न हुन नसकेका प्रमुख दुई निर्माण यतिबेला अन्तिम चरणमा पुगेका छन् । चितवनको सिसै-भगेँडी बालुवा क्षेत्रको छ किलोमिटर तटबन्धन गत कात्तिकसम्म २४ प्रतिशत मात्र सम्पन्न भएको थियो । सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालयको सक्रियतासँगै अहिले ९० प्रतिशत भौतिक प्रगति हासिल भएको छ । कार्यालयका प्रमुख डा नारायणप्रसाद सुवेदीका अनुसार असार मसान्तसम्ममा ९० दशमलव ९३ प्रतिशत काम सम्पन्न भएको छ । उहाँले भन्नुभयो, "असार मसान्तभित्रै सक्ने लक्ष्य लिए पनि पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारण काम प्रभावित भयो ।" यस्तै नारायणी नदीपारि गैँडाकोटको कुसुमघाटबाट थुम्सीसम्मको तटबन्धनको काम पनि ९९ प्रतिशत सकिएको सुवेदीले बताउनुभयो ।

कार्यालयका सूचना अधिकारी सागर पौडेलका अनुसार तीन वर्ष छ महिनासम्म ४७ प्रतिशत मात्र भएको निर्माण असार मसान्तसम्म आइपुग्दा ९९ प्रतिशत पुगेको छ । चितवनतर्फको काम विसं २०७९ असार १० गते शर्मा सगुन निर्माण कम्पनीसँग सम्झौता भई काम अघि बढेको थियो ।

चितवनतर्फका सोही ठाउँका पाँच ठेक्कामध्ये चार वटा 'प्याकेज' मा काम सम्पन्न भइसकेका छन् । सिसै-भगेँडीको काम भने रोकिएको सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालयले जनाएको छ । सो ठाउँको तटबन्धनको काम अहिले ९० प्रतिशत सकिएपछि बर्सात्मा आउने बाढीको जोखिम धेरै कम भएको छ ।

कुल छ किलोमिटर लामो यो तटबन्ध रु ३७ करोडमा सम्झौता भएको हो । समस्या पहिचान गरी निरन्तर पहल गरेपछि कामले गति लिएको प्रमुख डा सुवेदीले बताउनुभयो ।

गैँडाकोटतर्फको कुसुमघाट-थुम्सी क्षेत्रको करिब पाँच किलोमिटर तटबन्धका लागि विसं २०७९ मङ्सिर १५ गते सम्झौता भएको थियो ।

सो कामका लागि रु एक अर्ब नौ करोड लागतमा सम्झौता भएको तटबन्धको काम अहिले ९९ प्रतिशत भएको छ । कार्यालय प्रमुख डा सुवेदीले यो क्षेत्रमा दुवोको चपरी राख्ने र अन्य साना काम मात्र बाँकी रहेको बताउनुभयो ।

## सम्पादकीय ....

### नयाँमा असन्तुष्टि

वाम आन्दोलनको क्षय कुनै एउटा निर्वाचनको पराजय वा बाह्य षड्यन्त्रको परिणाम मात्र होइन। यो झन्डै आठ दशक लामो यात्रामा हुर्किएको वैचारिक विचलन, सत्तालिप्सा, नेतृत्वको अहंकार र बिचौलिया पूँजीवादसँगको सम्झौताको परिणाम हो ।

आज नेपाली वाम आन्दोलनले सामना गरिरहेको सबैभन्दा गम्भीर संकट यही विच्छेदन हो ।

वैचारिक आधार कमजोर हुँदै जाँदा पार्टी र शासकीय संयन्त्रमा व्यापारिक घराना, बिचौलिया तथा सीमित स्वार्थ समूहको प्रभाव बढ्यो । नीतिगत भ्रष्टाचार, अपारदर्शी आर्थिक सम्बन्ध, संरक्षणवाद र पद-केन्द्रित राजनीतिले वाम नेतृत्वको नैतिक विश्वसनीयतामाथि गम्भीर प्रश्न उठायो। नीतिनिर्माण सार्वजनिक हितभन्दा सीमित आर्थिक तथा राजनीतिक स्वार्थसँग जोडिएको देखिन थालेपछि समानता, सामाजिक न्याय र सार्वजनिक उत्तरदायित्वका मूल्य पनि कमजोर बन्दै गए ।

जसको श्रम, संघर्ष, बलिदान र विश्वासको जगमा नेपाली कम्युनिस्ट आन्दोलन उभिएको थियो, समयसँगै त्यही श्रमिक, किसान, गरिब र सीमान्तकृत समुदायसँग उसको वैचारिक तथा राजनीतिक सम्बन्ध कमजोर भयो। आन्दोलनको केन्द्रमा वर्गीय रूपान्तरणको सट्टा सत्ता संरक्षण, संगठन विस्तारको सट्टा शक्ति सन्तुलन र जनउत्तरदायित्वको सट्टा पद व्यवस्थापन हावी भयो। परिणामतः वाम आन्दोलन आफ्नै सामाजिक आधारबाट टाढिँदै गयो ।

विगतका कम्युनिस्ट एकता र तिनको विघटन पनि सधैं गम्भीर सैद्धान्तिक विवाद वा वैचारिक विभाजनका कारण भएका होइनन्। अधिकांश विभाजनको केन्द्रमा नेतृत्व बीचको शक्ति संघर्ष, अवसरवादी सत्ता समीकरण, कमजोर संगठनात्मक संस्कृति र व्यक्तिकेन्द्रित राजनीतिक अभ्यास देखिन्छ ।

वि.सं. २००६ मा स्थापना भएको नेपाल कम्युनिस्ट पार्टीले आफ्नो इतिहासमा अनेक विभाजन र केही एकता भोगेको छ । यसको लामो इतिहास वैचारिक विकास र संस्थागत सुदृढीकरणभन्दा विभाजन, पुनर्गठन, गुटबन्दी तथा नेतृत्व-केन्द्रित शक्ति संघर्षबाट बढी प्रभावित देखिन्छ ।

पार्टी सञ्चालन, उम्मेदवार छनोट र नीतिगत निर्णयमा श्रमिक तथा सीमान्तकृत समुदायको हितभन्दा व्यापारिक घराना, ठेकेदार, दलाल पूँजीपति र बिचौलियाको प्रभाव बढेको आरोप लाग्न थाल्यो ।

ललितानिवास जग्गा प्रकरणदेखि नक्कली भुटानी शरणार्थी प्रकरणसम्मका ठूला भ्रष्टाचार मुद्दामा स्थापित दलका प्रभावशाली व्यक्ति तथा नेताहरूको नाम जोडिनुले उनीहरूको नैतिक दाबीमाथि प्रश्न उठाएको छ । यी घटनाले कुनै एउटा दललाई मात्र होइन, समग्र पुरानो राजनीतिक नेतृत्वप्रतिको जनविश्वास कमजोर बनाएका छन् ।

नेपालको राजनीतिक परिवर्तनमा वाम आन्दोलनको योगदानलाई अस्वीकार गर्न सकिँदैन । तर इतिहासप्रति सम्मान हुनु र इतिहासलाई शासन सञ्चालनको स्थायी योग्यता मान्नु फरक विषय हुन्। विगतको योगदानको ब्याज खाएर सधैं राजनीति चलाउन सकिन्छ भन्ने सोचप्रति आजको समाज, विशेषगरी नयाँ पुस्ता, असन्तुष्ट छ ।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक



**नीलकण्ठ –३, धादिङबेसी,**
**फोन ०१०–५२१४३०, ९८५११२०८५०**
Email : pratyushdainik@gmail.com


## नागढुङ्गा सुरुङमार्गले समृद्धिको आशा जगाउँदै

हिमाल लम्साल

नेपाली जनताको वर्षौंदेखिको सुरुङमार्गमा सवारीसाधन गुडाउने सपनाले मूर्तरुप पाएको छ । सन् २०१९ को १४ नोभेम्बरदेखि निर्माण थालिएको नागढुङ्गा सुरुङमार्गमा आज सोमबारदेखि औपचारिक रुपमा सवारीसाधन गुडाइँदैछन् ।

सडक विभागका प्रवक्ता शुभराज न्यौपानेले साउन ११ गते सुरुङमार्ग उद्घाटन गरेर सञ्चालनमा ल्याउन लागेको जानकारी दिनुभयो । "नागढुङ्गा सुरुङमार्ग सोमबारदेखि सञ्चालनमा ल्याउने गरी आवश्यक तयारी अघि बढाएका छौं । पूर्वाधार विकास मन्त्रालय, जाइकाका प्रतिनिधिलगायतको उपस्थितिमा सञ्चालनमा ल्याउनेछौं," उहाँले भन्नुभयो, "सुरुङमार्ग तयार हुने काम त धेरै अघि भइसकेको थियो। सुरुङमार्गको पश्चिमतर्फ पहिरोको समस्या देखिएकाले केही समय लागेको हो। सुरुङभित्रको आवश्यक सुरक्षालगायतका व्यवस्थापनमा पनि केही समय लागेजस्तो देखिएको हो ।''

नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजनाका आयोजना निर्देशक सौजन्य नेपालले ढिलै भए पनि नागढुङ्गा सुरुङमार्ग सञ्चालनमा आएसँगै नेपाल पनि सुरुङमार्गको युगमा प्रवेश गरेको दाबी गर्नुभयो । "सुरुङमार्गको उद्घाटन भएसँगै पहिलो चरणमा आकस्मिक खालका सवारीसाधन एम्बुलेन्स, सुरक्षा निकाय र दमकललगायतका सवारीसाधन सञ्चालन गर्नेछौं", उहाँले भन्नुभयो, "अन्य सवारीसाधनको हकमा भने सुरुङमार्गको क्षमता र अवस्था हेरेर थप निर्णय गरिनेछ । एकैपटक सुरुङमार्गका सबै खालका सवारीसाधन गुडाउन सकिँदैन । आवश्यक सुरक्षा प्रबन्ध मिलाउँदै क्रमशः सुरुङमार्गमा थप सवारीसाधन चलाउँदै अघि बढाउनेछौं ।"

सुरुङमार्ग सञ्चालनमा आउन लागेसँगै सवारीचालक तथा यातायात व्यवसायी पनि उत्साहित रहेका छन्। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष पुण्यप्रसाद सिटौलाले नागढुङ्गा सुरुङमार्ग सञ्चालनमा आएसँगै नागढुङ्गा सवारीसाधनको इन्धन र समय दुवै बचत हुने बताउनुभयो । "नागढुङ्गा-नौबिसे सुरुङमार्गमा घण्टौं सवारीसाधनको चाप हुँदा इन्धन र समयको ठूलो बर्बादी भइरहेको थियो", उहाँले भन्नुभयो, "सरकारले सुरुङमार्ग तयार पारेर उदाहरणीय कार्य गरेको छ । देशमा आवश्यक पर्ने सबै ठाउँमा सुरुङमार्ग बनाएर मुलुकलाई समृद्धिको बाटोमा अघि बढाउनुपर्ने बेला भइसकेको छ।" अध्यक्ष सिटौलाले सुरुङमार्ग उपयोग गरेर आउजाउ गर्ने सवारीसाधनसँग उठाइने शुल्कको विषयमा सरकारले यातायात व्यवसायीसँग राम्रोसँग परामर्श नगरेको बताउनुभयो ।

#### यसरी बन्यो सुरुङमार्ग

सन् २०१३ मा सडक विभागले नागढुङ्गा सुरुङमार्गको विषयमा अध्ययन थालेको थियो । सन् २०१५ मा जापानी सहायता निकाय (जाइका)को सहयोगमा नागढुङ्गा सुरुङमार्गको वातावरणीय र सामाजिक सर्वेक्षणसहित परियोजना तयारी सर्वेक्षण सम्पन्न गरेर प्रतिवेदन पेस गरेको थियो। सुरुङमार्गको निर्माणको काम भने जापानी कम्पनी हाजमा एन्डो कर्पोरेसन जापानले गरेको हो ।

सन् २०१९ नोभेम्बर १४ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा सुरुङमार्ग निर्माणको थालनीको शुभारम्भ गरिएको थियो। सुरुङमार्ग निर्माण सुरु भएको ५३ महिना अर्थात २०८१ वैशाख ३ गते नागढुङ्गा सुरुङमार्गको 'ब्रेक थ्रु' अर्थात सुरुङ छेड्ने काम भएको थियो। निर्माण कम्पनीको ढिलासुस्ती, स्थानीयवासीको अवरोध, पहिरोलगायतका कारणले पनि आयोजना तोकिएको समयभित्रै सञ्चालनमा आउन सकेन। सुरुआती ठेक्का सम्झौताअनुसार यो आयोजना २६ अप्रिल २०२३ भित्रै सम्पन्न हुनुपर्ने थियो ।

सुरुङमार्ग काठमाडौंको नागढुङ्गादेखि सिस्नेखोलासम्म दुई हजार ६८८ मिटरको रहेको छ। सुरुङमार्गसँगै दुई हजार ५५७ मिटर लामो आकस्मिक उद्धारको लागि 'रेस्क्यू टनेल' निर्माण पनि गरिएको छ । सुरुङमार्गबाहेक 'फ्लाइओभर', पुल, 'बक्स कल्भर्ट', 'अन्डरपास' र 'ओभरपास' लगायतका एक दर्जन थप संरचनासमेत बनेका छन्। सुरुङमार्गलाई जोड्नको लागि पूर्वतर्फको एप्रोचमार्ग दुई दशमलव तीन किलोमिटर र पश्चिततर्फको एप्रोचको लम्बाई शून्य दशमलव ५६५ किलोमिटर रहेको छ।

आयोजनाको प्रारम्भिक लागत भने रु २२ अर्ब ८२ करोड रहेको थियो तर अनुमानित लागतभन्दा एक अर्बभन्दा धेरै लागत बढेको छ । यसमध्ये दातृसंस्था जाइकाबाट सहुलियत ऋण रु १७ अर्ब १५ करोड र नेपाल सरकारको तर्फबाट रु पाँच अर्ब ६७ करोड लागत रहेको छ। आयोजनाका निर्देशक नेपालले भने निर्माण र मुआब्जा वितरणतर्फ गरेर करिब रु २४ अर्ब खर्च लाग्ने अनुमान गरेको बताउनुभयो ।

#### इन्धन, दूरी र समयको बचत हुँदै

नागढुङ्गा सुरुङमार्ग सञ्चालनमा आएसँगै नागढुङ्गा सिस्नेखोला वरपर हुने घण्टौंको ट्राफिक जामको पनि अन्त्य हुनेछ। त्यति मात्रै होइन, सवारी चापमा लाग्ने समय र इन्धन र समयमा पनि बचत गराउनेछ । आयोजना निर्देशक नेपालले सुरुङमार्ग सञ्चालन भएसँगै ठूला सवारीसाधनको लाग्ने समयमा ३५ मिनेट र साना सवारीसाधनको लागि २० मिनेट छिटो हुने बताउनुभयो । "सुरुङमार्ग सञ्चालनमा आएपछि मोटामोटी तीन किलोमिटर दुरी घट्ने हो," उहाँले भन्नुभयो, "उकालो, घुमाउरो बाटो छल्ने भएकाले पनि ठूला सवारीसाधनको लागि कम्तिमा पनि ३५ मिनेट बचत हुनेछ ।"

आयोजनाका अनुसार काठमाडौं प्रवेश तथा बाहिरिने नागढुङ्गा-नौबिसे नाका हुँदै दैनिक औसतमा दुईपाङ्ग्रेबाहेक करिब आठ हजारभन्दा धेरै साना तथा ठूला सवारीसाधन गुड्ने गर्छन्। आयोजनाका निर्देशक नेपालले नागढुङ्गा-नौबिसे सडकखण्डबाट भित्रिने र बाहिरिने सवारीसाधनमध्ये करिब ६० प्रतिशत सवारीसाधनले सुरुङमार्गको उपयोग गर्ने अनुमान गरिएको जानकारी दिनुभयो। आयोजनाका अनुसार यो सुरुङमार्ग हुँदै दुईपाङ्ग्रे सवारीसाधन भने चलाउन पाइने छैन ।

#### यस्तो छ शुल्क

नेपाल सरकारले २०८२ चैत २६ गते राजपत्रमा सूचना प्रकाशित गरी नागढुङ्गा-नौबिसे सुरुङमार्गमा सवारीसाधन गुडाउने शुल्क निर्धारण गरेको छ। सरकारले सवारीसाधनको क्षमताअनुसार सुरुङमार्गको प्रयोग गर्ने सवारीसाधनको लागि छुट्टाछुट्टै दस्तुर निर्धारण गरेको छ । कार, भ्यान, पिकअप, ट्रयाक्टर, माइक्रोबस र अन्य हलुका सवारीसाधनको लागि काठमाडौं प्रवेश गर्दा रु ६५ र सोही वर्गका सवारीसाधन काठमाडौंबाट प्रस्थान गर्दा भने रु ६० तोकिएको छ। त्यस्तै मिनीबस, मिनी ट्रिपर/ट्रकको लागि काठमाडौं प्रवेश गर्दा रु एक सय २५ र काठमाडौंबाट प्रस्थान गर्दा भने रु ८० दस्तुर तोकिएको छ । त्यसैगरी बस, ट्रक (सिङ्गल रियर एक्सल) सवारीको लागि काठमाडौं प्रवेश गर्दा रु दुई सय ६० र काठमाडौंबाट प्रस्थान गर्दा रु दुई सय दस्तुर तोकिएको छ । त्यसैगरी मल्टिएक्सल ट्रक/सवारीसाधन, भारी उपकरणको लागि काठमाडौं प्रवेश गर्दा रु छ सय र काठमाडौंबाट प्रस्थान गर्दा रु दुई सय ५० दस्तुर तोकिएको छ । पूर्वाधार विकास मन्त्रालयले आगामी आर्थिक वर्ष २०८३/८४ मा एक दर्जन सुरुङमार्गको सम्भाव्यता अध्ययन र निर्माणका लागि रु ६७ करोड एक लाख बजेट विनियोजन गरेको छ ।

#### यस्तो छ नेपालमा सुरुङमार्गको इतिहास

नेपालको सुरुङमार्गको इतिहासलाई नियाल्ने हो भने मुस्ताङ जिल्लामा मात्रै करिब दुई हजार वर्षभन्दा पुरानो भूमिगत संरचना भेटिएको इतिहास छ । अहिले पनि मुस्ताङको त्यो पुरानो भूमिगत खालका संरचना देख्न सकिन्छ । ती संरचना विशेषगरी बसोबास र चिहान प्रयोजनका लागि निर्माण गरिएको जनविश्वास छ । करिब ४०० वर्षअघि पनि पाल्पाको अर्गेलीमा सिँचाइ प्रयोजनको लागि पुरानो संरचनाको सुरुङ खनिएको थियो । त्यो अझै पनि सिँचाइको लागि प्रयोग हुँदै आइरहेको बताइन्छ ।

स्विटजरल्यान्डका भूगर्भविद् टोनी हेगनले 'दी हिमालयन किङ्डम अफ नेपाल' पुस्तकमा मकवानपुरको चुरियामाईमा रहेको सुरुङलाई एसियाकै पहिलो मानव निर्मित सुरुङ हुनसक्ने दाबी गरेका छन् । चुरियामाईको सुरुङ नेपाली डिजाइन, लगानी र जनशक्तिबाटै निर्माण गरिएको थियो ।

#### ५३७ किलोमिटर सुरुङ तयार

पछिल्लो समय सडक सुरुङमार्गको मात्रै नभएर अन्य स्थानमा पनि भूमिगत संरचनाको आवश्यकता र औचित्य झन्-झन् खड्किँदै आइरहेको छ। जलविद्युत् आयोजनामा सुरुङमार्गको उपयोग अत्यधिक मात्रामा हुने गर्दछ । जटिल भूबनोट, भिरपाखा तथा पहिरो झरिरहने ठाउँमा सुरुङमार्गको आवश्यकता र महत्व झनै बढी रहेको छ ।

नेपाल टनेलिङ एसोसिएसनका पूर्वअध्यक्ष डा ज्ञानेन्द्रलाल श्रेष्ठले सन् २०२६ को जनवरीसम्म नेपालमा सबै खालका गरेर ५३७ किलोमिटर सुरुङ निर्माण भएको बताउनुभयो । उहाँका अनुसार नेपालका जलविद्युत् परियोजनामा ४५४ किलोमिटर सुरुङमार्ग बनेको छ ।

निर्माणाधीन जलविद्युत् परियोजनामा २५० किलोमिटर बन्ने क्रममा रहेको छ । खानेपानी परियोजनाअन्तर्गत मेलम्ची खानेपानी आयोजनामा सबैभन्दा लामो अर्थात २६ किलोमिटर सुरुङ निर्माण भएर सञ्चालनमा आइसकेको छ ।

सिन्धुपाल्चोक जिल्लाको अम्बाथानदेखि काठमाडौंको सुन्दरीजल सम्म करिब २६ किलोमिटर सुरुङ खनेर मेलम्चीको पानी राजधानीमा वितरण हुँदै आइरहेको छ ।

खानेपानी परियोजनामा पनि विभिन्न परियोजनाको लागि ३० किलोमिटर सुरुङ तयार भइसकेको छ ।


## लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं

- लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
- युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
- साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- लागुऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
- समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
- परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
- लागुऔषध प्रयोग नगरौं/नगराऔं ।

**लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं**

नेपाल सरकार,
**विज्ञापन बोर्ड**

प्रत्युष
National Daily राष्ट्रिय दैनिक

## वर्षायाममा पनि चितवनमा पर्यटकको चहलपहल

चितवन । सरकारले सप्ताहान्तमा दुई दिन सार्वजनिक बिदाको व्यवस्था गरेसँगै जिल्लाका पर्यटकीय गन्तव्यमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढेको पाइएको छ ।

वर्षायामको परवाह नगरी आन्तरिक तथा विदेशी पर्यटकको आगमन बढेसँगै यहाँका पर्यटन व्यवसायी उत्साहित भएका छन् ।

सौराहा, पटिहानी, जगतपुर, मेघौलीलगायत प्रमुख पर्यटकीय क्षेत्रमा विगतका वर्षको तुलनामा यस वर्ष पर्यटकको आगमन बढेको व्यवसायीहरूले बताएका छन् । आन्तरिक पर्यटकसँगै चिनियाँ र भारतीय पर्यटकको आगमन उल्लेख्य रूपमा पनि बढेको उनीहरूको कथन छ ।

क्षेत्रीय होटल सङ्घ चितवनका महासचिव महेश खनालका अनुसार वर्षायाममा सामान्यतया पर्यटकीय गतिविधिमा सहभागी हुने पर्यटकको हिस्सा करिब ३० प्रतिशत रहने गरे पनि यस वर्ष समग्र होटलको अकुपेन्सी करिब ५० प्रतिशत पुगेको छ ।

उहाँका अनुसार सातामा दुई दिन बिदा लागू भएपछि गत वर्षको यही अवधिको तुलनामा आन्तरिक पर्यटक करिब २५ प्रतिशतले बढेका छन् । विद्यालय तथा कलेजमा समेत बिदा परेकाले आन्तरिक पर्यटन थप चलायमान भएको उहाँले बताउनुभयो । भारतीय पर्यटकको सङ्ख्या पनि बढ्दो क्रममा रहेको उहाँले जानकारी दिनुभयो । सडक पूर्वाधारका कारण अपेक्षाअनुसार पर्यटक भित्रिन नसकेको उल्लेख गर्दै आउन चाहेका केही आन्तरिक तथा विदेशी पर्यटक अन्य गन्तव्यतर्फ गएको उहाँको भनाइ छ । पोखरालगायत पहाडी गन्तव्यमा भारतीय पर्यटकको आगमन उल्लेख्य रहेको उहाँले बताउनुभयो ।

केही वर्षअघिसम्म वर्षायाममा सौराहाका कतिपय होटल बन्द हुने अवस्था रहे पनि पछिल्ला वर्षमा होटल व्यवसाय विस्तार भएसँगै वर्षायामलाई लक्षित गरी बजार प्रवर्द्धनसमेत गर्न थालिएको छ ।

क्षेत्रीय होटल सङ्घ चितवनका पूर्वअध्यक्ष तथा होटल सङ्घ नेपालका केन्द्रीय सदस्य सुमन घिमिरेले सातामा दुई दिनको बिदाले पर्यटन क्षेत्र प्रत्यक्ष रूपमा लाभान्वित भएको बताउनुभयो ।

उहाँका अनुसार दुई दिनमध्ये एक दिन पर्यटकको चाप कम भए पनि अर्को दिन उल्लेख्य वृद्धि हुने गरेको छ । केही दिनअघि भारतको कोलकाता भ्रमणका क्रममा त्यहाँका पर्यटन व्यवसायीले नेपाललाई यस वर्ष आकर्षक गन्तव्यका रूपमा लिन थालेको जानकारी दिएका उहाँले बताउनुभयो । भारतीय सरकारले विदेशी मुद्रा सञ्चिति बढाउने नीति अवलम्बन गरेको, मध्यपूर्वमा जारी द्वन्द्वका कारण अन्य गन्तव्यप्रति आकर्षण घटेको तथा थाइल्यान्डले भिसा प्रक्रियामा कडाइ गरेकाले भारतीय पर्यटकले नेपाल रोज्न थालेका उहाँको विश्लेषण छ । यसको प्रभाव सौराहामा पनि परेको उहाँले बताउनुभयो । सडकलगायत भौतिक पूर्वाधार भएमा अझ धेरै पर्यटक आकर्षित हुने उहाँको ठम्याइ छ ।

क्षेत्रीय होटल सङ्घ चितवनका पूर्वअध्यक्ष दीपक भट्टराईले पनि दुईदिने बिदाका कारण अघिल्ला वर्षको तुलनामा यो वर्ष पर्यटक बढेका बताउनुभयो । दुई दिन बिदा हुँदा आन्तरिक पर्यटकको आगमन बढेको उहाँको अनुभव छ ।

दुईदिने सार्वजनिक बिदाको प्रभाव जिल्लाका अन्य पर्यटकीय गन्तव्यमा पनि परेको छ । पटिहानीस्थित होटल जङ्गल भिल्लाका सञ्चालक गणेश पौडेलले गत वर्षको तुलनामा यस वर्ष पर्यटक बढेका र त्यसको प्रमुख कारण दुईदिने बिदा भएको बताउनुभयो ।

सौराहामा हाल १४१ होटल सञ्चालनमा छन् । पश्चिम चितवनका पटिहानी, जगतपुर र मेघौलीमा पनि सुविधासम्पन्न होटल छन् । यिनको दैनिक १० हजार पर्यटकलाई सेवा गर्नसक्ने क्षमता छ । चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती सामुदायिक वनमा एकसिङ्गे गैँडा, पाटेबाघलगायत वन्यजन्तु हेर्न जीप सफारी, हात्ती सफारी, डुङ्गा सयर गर्न स्वदेशी तथा विदेशी पर्यटक आउने गरेका छन् ।

## कोहलपुरमा सेफ्टीट्यांकीभित्र तीन जनाको मृत्यु

नेपालगन्ज । बाँकेको कोहलपुरमा सेफ्टीटयाङ्की सफा गर्ने क्रममा तीन जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा कोहलपुर नगरपालिका-३ का ४१ वर्षीय कालु थारू, २६ वर्षका प्रकाश थारू र ३४ वर्षका बिर्जा थारूको मृत्यु भएको बाँकेका प्रहरी नायब उपरीक्षक प्रतितसिंह राठौरले जानकारी दिनुभयो ।

जिल्ला प्रहरी कार्यालयका अनुसार टयाङ्की सफा गर्ने क्रममा निस्सासिएर उनीहरूको मृत्यु भएको आशङ्का गरिएको छ । कोहलपुर नगरपालिका-३ शान्तिटोल स्थित दयाप्रसाद थारूको निर्माणाधीन घरको आँगनमा बनाइँदै गरेको सेफ्टीटयाङ्कीमा फसेको अवस्थामा तीनै जनालाई मृतावस्थामा फेला पारिएको प्रहरीको भनाइ छ ।

प्रहरीले जेसिबीको सहायताले सेफ्टीटयाङ्की फुटाए तीनै जनाको शव आज बिहान बाहिर निकालेको थियो । मृतकको शव परीक्षणका लागि भेरी अस्पताल नेपालगन्ज पठाइएको छ ।

## शुक्लाफाँटामा बाघको संख्या ५० पुग्यो

महेन्द्रनगर । कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाघको सङ्ख्या ५० पुगेको छ ।

राष्ट्रिय बाघ सर्वेक्षण २०८२ को नतिजा अनुसार शुक्लाफाँटामा बाघको सङ्ख्या ४४ बाट वृद्धि भएर ५० पुगेको हो । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत विनय झाले आठ वर्षको अवधिमा निकुञ्जमा बाघको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको बताउनुभयो । सन् २०१८ मा गणना गर्दा शुक्लाफाँटामा बाघको सङ्ख्या १६ रहेको थियो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले आज बिहान बाघ सर्वेक्षणको नतिजा सार्जवजिक गर्दै बाघ गणना २०८२ पुसदेखि २०८३ वैशाख १० गतेसम्म गरिएको जनाएको छ ।

शुक्लाफाँटा र आसपासका क्षेत्रमा कम्प्लेक्स विभाजन गरी बाघ गणना गरिएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जले जनाएको छ । बर्दियामा बाघका लागि आहारा प्रशस्त भएका कारण पनि बाघको सङ्ख्यामा वृद्धि भएको हो । मुलुकमै थोरै क्षेत्रफलमा धेरै बाघको बासस्थानका रूपमा पनि शुक्लाफाँटा परिचित छ । कुल ३०५ वर्ग किलोमिटर क्षेत्रफल रहेको शुक्लाफाँटामा बाह्रसिङ्गा, चित्तल, बँदेललगायत गरेर आहारा प्रजाति प्रति वर्गकिलोमिटरमा १४६.२ जनावर रहेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको भनाइ छ ।

## कांग्रेस वरिष्ठ नेता श्रेष्ठको निधनमा शोक प्रस्ताव पारित

काठमाडौँ । नेपाली कांग्रेसले वरिष्ठ नेता गोपालमान श्रेष्ठको निधनप्रति शोक प्रस्ताव पारित गरेको छ ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा सोमबार बसेको आकस्मिक बैठकले पूर्व उपप्रधानमन्त्रीसमेत रहनुभएका ७९ वर्षीय श्रेष्ठको निधनप्रति शोक प्रस्ताव पारित गरेको हो ।

श्रेष्ठको ललितपुरको जावलाखेलस्थित हेलिस अस्पतालमा मङ्गलबार निधन भएको थियो । उहाँ १२ बुँदे सहमतिको हस्ताक्षर कर्तामध्येका एक नेता हुन् । उहाँको पार्थिव शरीरलाई श्रद्धाञ्जलीका लागि पार्टी केन्द्रीय कार्यालयमा राखिएको छ । सभापति गगनकुमार थापाले पार्टीको झण्डा ओढाएर श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो । नेता श्रेष्ठको बुधबारै पशुपति आर्यघाटमा अन्त्येष्टि गरिने भएको छ ।

बैठकले स्वर्गीय नेता श्रेष्ठप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँको आत्माको चीर शान्तिको कामना गरेको छ ।

पार्टीका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले साउन १३, १४ र १५ गते केन्द्र, प्रदेश र जिल्ला कार्यालयमा आधा झण्डा झुकाउने निर्णय गरेको बताउनुभयो । त्यसैगरी, साउन १४ गतेका दिन केन्द्र, प्रदेश र जिल्लाका सबै कार्यालय बन्द गर्ने, १३ दिनसम्म केन्द्र, प्रदेश र जिल्ला कार्यालयमा शोक पुस्तिका राख्ने निर्णय गरेको छ । साथै, १३औँ दिनमा उहाँको गृहजिल्ला (स्याङ्जा)को कालीगण्डकी रामदीघाटमा अस्तु विसर्जन गरी जिल्लामा शोकसभाको आयोजना गरिने जनाइएको छ ।

लोकतन्त्रको स्थापना, पुनःर्स्थापना तथा सुदृढीकरणका लागि विभिन्न सङ्घर्ष र आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका श्रेष्ठले पटकपटक गरी छ वर्ष जेलजीवन बिताउनुभएको थियो ।

स्वर्गीय श्रेष्ठ विसं २०४८, २०५६, २०६४ मा स्याङ्जा जिल्लाबाट प्रतिनिधिसभा सदस्य र २०७० सालको संविधानसभा निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीबाट संविधानसभा सदस्यमा निर्वाचित हुनुभएको थियो । उहाँले नेपाल सरकारको उपप्रधानमन्त्रीका साथै भौतिक योजना तथा निर्माण, वन तथा वातावरण, वाणिज्य तथा आपूर्ति र शिक्षामन्त्रीका रूपमा जिम्मेवारी सम्हाल्नुभएको थियो ।

## सर्वदलीय बैठकः सामाजिक सद्भाव र दिगो शान्तिका पक्षमा अपिल

काठमाडौँ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको आह्वानमा बुधबार सिंहदरबारमा सम्पन्न सर्वदलीय बैठकले सुनसरीलगायत देशका विभिन्न जिल्लामा विकसित संवेदनशील घटनाक्रम र त्यसबाट उत्पन्न असहज परिस्थितिप्रति गम्भीर ध्यानाकर्षण जनाउँदै सामाजिक सद्भाव र शान्ति कायम राख्न अपिल गरेको छ ।

सर्वदलीय बैठकले सात बुँदे संयुक्त वक्तव्य जारी गर्दै उत्पन्न परिस्थितिलाई सामान्यीकरण गर्न, घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनबमोजिम कारबाही गर्न र पीडित पक्षलाई उचित क्षतिपूर्तिसहित राहत उपलब्ध गराउन नेपाल सरकारको ध्यानाकर्षण गरेको हो ।

यसैगरी, नेपालको पहिचान विविधताबीचको एकता, सहिष्णुता र सहअस्तित्व रहेको उल्लेख गर्दै सामाजिक सद्भाव खलबल्याउने कुनै पनि अवाञ्छित गतिविधि तथा उत्तेजनामा नलाग्न आमनागरिकलाई आग्रह गरेको छ । आवेग र मुठभेडले समस्याको समाधान नगरी थप जटिलता निम्त्याउने भएकाले संयमता अपनाउन देशवासीसँग अपिल गरेको छ ।

लोकतन्त्रमा जस्तोसुकै जटिल असन्तुष्टि र समस्याको समाधान शान्तिपूर्ण संवाद र सहमतिबाट सम्भव हुने भन्दै बैठकले सम्बन्धित सबै पक्षलाई आफ्ना माग तथा असन्तुष्टि शान्तिपूर्ण रूपमा राख्न आह्वान गरेको छ ।

सामाजिक सद्भाव र दिगो शान्ति कायम राख्न केन्द्रको प्रयासले मात्र सम्भव नहुने भन्दै प्रदेश, जिल्ला र स्थानीय तहमा तत्काल सर्वदलीय तथा सर्वपक्षीय बैठक आयोजना गर्न आआफ्ना पार्टीका विभिन्न तहका समितिलाई निर्देशन दिने निर्णय गरेको छ ।

बैठकले यस्ता संवादलाई तल्लो तहसम्म पुर्याई नागरिकस्तरमा विश्वासको वातावरण निर्माण गर्न तथा स्थानीय धार्मिक अगुवा, नागरिक समाज र स्थानीय प्रशासनलाई समेत सहभागी गराएर मुलुकमा शान्ति सुव्यवस्था कायम गर्न सम्बद्ध पक्षसँग अनुरोध गरिएको छ ।

त्यसैगरी, यस्ता प्रकृतिका दुःखद् तथा संवेदनशील घटना भविष्यमा देशका कुनै पनि भूभागमा दोहोरिन नदिन राजनीतिक दलको केन्द्रीय तह गम्भीर रहेको जनाउँदै आवश्यक पहलकदमी, निरन्तर समन्वय र अनुगमनसहित नेतृत्वदायी भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । बैठकले संवेदनशील अवस्थामा सामाजिक सञ्जाललगायतका माध्यमबाट फैलिन सक्ने भ्रामक समाचार, घृणास्पद अभिव्यक्ति र अफवाहले परिस्थिति थप भयावह बनाउन सक्ने भन्दै सामाजिक सञ्जालको जिम्मेवार प्रयोग गर्न आमनागरिकलाई आग्रह गरेको छ । त्यस्तै यस किसिमको संवेदनशील घटनाबाट हुनसक्ने क्षतिको न्यूनीकरण तथा रोकथाम गर्न आमसञ्चारमाध्यमका महत्वपूर्ण भूमिका हुने भएकाले सोहीअनुसार अझ संयमित, जिम्मेवार र तथ्यपरक सूचनामात्र सम्प्रेषण गर्न आसञ्चारमाध्यमको ध्यानाकर्षण गरेको छ ।

देवानगन्ज घटनामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गरी शोकाकुल परिवारमा समवेदना, घाइतेको शीघ्र स्वास्थ्यलाभको कामनासहित सामाजिक सद्भाव र दिगो शान्ति स्थापनाका पक्षमा सर्वदलीय बैठकमा जारी संयुक्त वक्तव्यमा उल्लेख छ ।

रास्वपाका सभापति लामिछाने, नेपाली कांग्रेसका सभापति गगन थापा, नेपाली कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल, नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेल, श्रम संस्कृति पार्टीका महासचिव आरेन राई, लोसपाका अध्यक्ष महन्थ ठाकुर, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन, जनमत पार्टीका अध्यक्ष डा सिके राउत र जसपा नेपालका नेता प्रकाश अधिकारीले उक्त वक्तव्यमा हस्ताक्षर गर्नुभएको छ ।

## पोखरा प्राज्ञ प्रतिष्ठानको कुलपतिमा प्रतीक्षा

गण्डकी । पोखरा प्रज्ञा प्रतिष्ठानको कुलपतिमा साहित्यकार सरस्वती प्रतीक्षा नियुक्त हुनुभएको छ । पोखरा महानगर पालिकाका प्रमुख धनराज आचार्यले बुधबार उहाँलाई नियुक्तिपत्र प्रदान गर्नुयो । यस्तै उपकुलपतिमा तिलक पुर्जा पुन (कला तथा साहित्य) र सदस्य सचिवमा जीवन दाहाल (लोकगीत तथा सङ्गीत) नियुक्त हुनुभएको हो । प्रतिष्ठानको प्रज्ञा परिषद् सदस्यमा श्रीजङ्ग गुरुङ (नृत्य), हेरराम जोजेजु (ललितकला), दिलीप गायक (सङ्गीत तथा वाद्यवादन) र प्रमीला ताम्राकार तुलाचन (रङ्गमञ्च तथा अभिनय) रहनुभएको छ । यस्तै प्रज्ञा सभा सदस्यमा कल्पना चिलवाल, कृष्णप्रसाद गौतम गमबहादुर परियार, ज्योति गुरुङ, नवराज अधिकारी, प्रेमराज अधिकारी, भास्करध्वज श्रेष्ठ, रवीन्द्र माकाजु, रीता पाहारी र शिवहरि ढुङ्गाना रहनुभएको छ । प्रमुख आचार्यले पोखराको साहित्य, कला, संस्कृति, भाषालगायत समग्र प्राज्ञिक क्षेत्रको उन्नयन र विकासमा प्रतिष्ठानले उल्लेखनीय योगदान पुर्याउने विश्वास व्यक्त गर्नुभयो । प्रतिष्ठानका गतिविधिहरू लाई चुस्त र प्रभावकारी बनाउने उद्देश्यले संस्थागत रूपमा पोखरा घरमा व्यवस्थित कार्यालय र कार्य सञ्चालनका लागि कानुनी रूपमा पर्याप्त व्यवस्था र बजेटको समेत प्रबन्ध गरिएको उहाँले बताउनुभयो ।

नगर क्षेत्रको साहित्य, कला, भाषा, सृजना र संस्कृतिको विकासमा महत्त्वपूर्ण टेवा पुग्ने उल्लेख गर्नुभयो ।

प्रतिष्ठानलाई सक्रिय र चलायमान बनाउनका लागि महानगरपालिकाले आवश्यक सहयोग तथा सहजीकरण गर्ने उहाँले बताउनुभयो । नवनियुक्त कुलपति प्रतीक्षाले आफूहरूलाई प्रदान गरिएको जिम्मेवारी निष्ठापूर्वक वहन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## दुधमति खोलाको पुल निर्माणमा भएको ढिलाइले स्थानीयवासीलाई सास्ती

जनकपुरधाम । दुधमति खोलाको पुल निर्माणमा भएको ढिलाइले स्थानीयवासीलाई सास्ती पुगेको छ ।

धनुषाको ढल्केबर-जनकपुर-जटही छ लेन सडकखण्ड अन्तर्गत जनकपुरधाम स्थित दुधमति खोलामा निर्माणाधीन पुल लामो समयदेखि अलपत्र हुँदा स्थानीयवासी तथा यात्रु सास्ती खेप्न बाध्य छन् ।

जनकपुरधामलाई भारतको जटही नाकासँग जोड्ने रणनीतिक मार्गको महत्वपूर्ण संरचना हो, उक्त पुल । स्थानीय सुबोध नायकले लामो समयदेखि पुल निर्माणको काम अलपत्र परेको बताउनुभयो । जनताले पुल छिट्टै तयार हुने अपेक्षा गरे पनि निर्माणले गति लिन नसक्दा नागरिकमा निराशा बढेको छ । निर्माणकार्य अधुरो रहँदा जनताका अपेक्षा पूरा हुन सकेन । निर्माण ठेक्का २०७६ साल जेठ २५ गते नागार्जुन हेम जेभीसँग भएको थियो । निर्माण लागत रु १३ करोड ९५ लाख ६४ हजार ३३८ मा सम्झौता भएको हो ।

सडक डिभिजन कार्यालय जनकपुरधामले २०८२ माघ १७ गते पुल निर्माण सम्पन्न गर्नेगरी सम्झौता भएको जानकारी दिएको छ । पुल निर्माणमा भएको ढिलाइका कारण सडक डिभिजन कार्यालय जनकपुर धामले नागार्जुन हेम जेभीसँगको ठेक्का सम्झौता तोडेको प्रमुख इन्जिनियर दारोगा



प्रसादले बताउनुभयो । ढल्केबर-जनकपुर-जटही छ लेन सडक मधेस प्रदेशकै मत्वपूर्ण सडक आयोजना हो । भारतसँगको व्यापार, धार्मिक पर्यटन तथा स्थानीय आवागमनलाई सहज बनाउने उद्देश्यले पुलको निर्माण थालनी गरिएको थियाये ।

## बागमती प्रदेश जनस्वास्थ्य प्रयोगशालामा केमिकल अभावले सेवा ठप्प

चितवन । बागमती प्रदेश जनस्वास्थ्य प्रयोगशाला सेवा इकाई, चितवनमा केमिकल अभावले एक महिनादेखि प्रयोगशालाले दिने सेवा ठप्प भएको छ ।

प्रयोगशालाका निर्देशक नारायण बहादुर कार्कीले बजेट अभावमा केमिकल खरिद गर्न नसक्दा एक महिनादेखि सेवा दिन नसकिएको जानकारी दिनुभयो ।

गत वर्ष रु एक करोड ३५ लाख केमिकल खरिदका लागि विनियोजन भएको रकममा रु २० लाख अपुग भएकाले प्रयोगशाला बन्द भएको उहाँले बताउनुभयो ।

कार्यालयका सूचना अधिकारी रमेश डोवालले सेवा सञ्चालन नहुने भएपछि प्रायः न्यून सङ्ख्यामा मात्र बिरामी आउने गरेको जानकारी दिनुभयो । यसअघि प्रयोगशालामा दैनिक १३० जना बिरामी आउने गरेका थिए ।

"जिल्लामा यो प्रयोगशालालाई विश्वासिलो प्रयोगशालाका रूपमा लिने गरिन्छ", उहाँले भन्नुभयो ।

आर्थिक वर्ष २०८३/८४ का लागि रु एक करोड पाँच लाख बजेट विनियोजन भएको छ । सो रकमबाट गत सालको तिर्न बाँकी रकम भुक्तानी गरी मधुमेह, सिबिसी, युरिकएसिड र पिसाबका अत्यावश्यक परीक्षण मात्र गरिने भएको छ । बागमती प्रदेशका पूर्वस्वास्थ्यमन्त्री उत्तम जोशीले भरतपुरमा उच्च गुणस्तरको सरकारी प्रयोगशाला आवश्यक रहेको जिकिर गर्नुभयो । यस कार्यालयले गत आवमा रु दुई करोड हाराहारी राजस्व सङ्कलन गरेको थियो ।

## सुनसरीका नागरिकलाई संयमित रहन मुख्यमन्त्री कार्कीको आग्रह

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सुनसरीको देवानगञ्ज गाउँपालिकामा भएको घटनाप्रति दुःख व्यक्त गर्दै नागरिकलाई संयमित रहन आग्रह गर्नुभएको छ । मुख्यमन्त्री कार्कीले बुधबार अपराह्न एक विज्ञप्ति जारी गर्दै घटनामा परी आफ्नो अमूल्य जीवन गुमाउनेहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभएको छ ।

उहाँले यस्तो संवेदनशील समयमा सम्पूर्ण नागरिक अपुष्ट सूचना वा अफवाहको पछि नलाग्न तथा सामाजिक सद्भाव, आपसी विश्वास र भाइचारालाई अझ सुदृढ बनाउन आह्वान गर्नुभएको छ । मुख्यमन्त्री कार्कीले भन्नुभएको छ, "सदियौँदेखि हामी नेपाली जाति, भाषा, धर्म र संस्कृतिलाई सम्मान गर्दै एकताबद्ध हुँदै आएका छौँ । यस परिवेशमा घटनालाई उत्तेजित नबनाई संयमतापूर्वक सामाजिक तथा सम्प्रदायिक सद्भाव कायम राख्न सबै सरोकारवाला, नागरिक समाज, राजनीति दल, जनप्रतिनिधि र सञ्चारकर्मीमा हार्दिक अनुरोध गर्दछु ।"

कोशी प्रदेश सरकार पीडित परिवार र घाइतेको साथमा रहेको विश्वास दिलाउँदै सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहयोगका लागि प्रतिबद्ध रहेको उहाँले भन्नुभएको छ । उहाँले नेपाल सरकारलाई अविलम्ब आवश्यक सुरक्षा व्यवस्था मिलाई जनताको जीउधनको रक्षा गर्न अनुरोध गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो दुःख एवं हार्दिक समवेदना व्यक्त गर्नुभएको छ ।

## टेलिकमका सबै टावरमा विद्युत् सेवा पुर्‍याउन सञ्चारमन्त्री डा तिमिल्सिनाको निर्देशन

काठमाडौँ । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले नेपाल टेलिकमको सेवा पहुँच र गुणस्तर सुधारका लागि देखिएका समस्या तत्काल समाधान गर्न र सम्भव भएसम्म टेलिकमका सबै टावरमा भरपर्दो विद्युत् प्रणाली जडान गर्न सम्बन्धित निकायबीच प्रभावकारी समन्वयका लागि निर्देशन दिनुभएको छ ।

सञ्चार मन्त्रालयमा बुधबार आयोजित अन्तर-निकाय छलफलमा नेपाल टेलिकमका प्रवन्ध निर्देशक सङ्गीता पहाडी, नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालयका प्रमुख राजन ढकाल, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकाललगायतका पदाधिकारीहरू उपस्थित हुनुहुन्थ्यो । छलफलमा नेपाल टेलिकमका 'बेस ट्रान्सिभर स्टेशन' (बिटीएस), टावर तथा अन्य दूरसञ्चार उपकरणमा भरपर्दो विद्युत् आपूर्ति नपुग्दा देशका विभिन्न क्षेत्रमा टेलिफोन र इन्टरनेट सेवामा समस्या देखिएको विषयमा विस्तृत समीक्षा गरिएको थियो ।

सो छलफलमा सञ्चारमन्त्री डा तिमिल्सिनाले नागरिकलाई गुणस्तरीय र भरपर्दो दूरसञ्चार सेवा उपलब्ध गराउनु सरकारको दायित्व भएको उल्लेख गर्दै अब समस्या पहिचानमा मात्रै सीमित नभई नतिजामुखी ढङ्गले काम गर्न निर्देशन दिनुभयो । उहाँले नेपाल टेलिकमले राख्ने टेलिफोन टावरमा विद्युत् पहुँच पुर्‍याउनका लागि टेलिकम, नेपाल विद्युत् प्राधिकरण र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबीच स्थायी समन्वय प्रणाली विकास गर्न कार्यसमूह गठन गरी स्पष्ट कार्ययोजनासहित अघि बढ्न निर्देशनसमेत दिनुभयो । "विगतमा अन्तर-निकाय समन्वय कमजोर हुँदा अहिलेका धेरै समस्या देखिएका छन् । अब प्रत्येक निकायले सम्पर्क व्यक्ति तोकेर नियमित समन्वय गर्ने व्यवस्था मिलाउनुहोला । मन्त्रालय नीतिगत समन्वयका लागि आवश्यक सहयोग गर्न तयार छ", सञ्चारमन्त्री तिमिल्सिनाले भन्नुभयो ।

सम्भव भएसम्म सबै टेलिकम टावरमा राष्ट्रिय प्रसारण लाइनमार्फत विद्युत् पुर्‍याउने विषयमा सञ्चार मन्त्रालय र ऊर्जा मन्त्रालय दुवै प्रतिबद्ध रहेको उल्लेख गर्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले नेपाल टेलिकमका टावरमा विद्युत् पहुँच नपुगेका स्थानहरूको स्पष्ट तथ्याङ्क नेपाल विद्युत् प्राधिकरणलाई उपलब्ध गराउनुपर्ने र त्यसका आधारमा प्राथमिकताका साथ विद्युत् विस्तारको योजना बनाउनुपर्ने बताउनुभयो । विद्युत् पुगेका क्षेत्रमा कमजोर भोल्टेजका कारण सेवा प्रभावित भइरहेको गुनासो आउने गरेका छन् । त्यस्ता समस्या समाधानका लागि वितरण प्रणालीको क्षमता विस्तार गरिनुपर्ने सञ्चारमन्त्री डा तिमिल्सिनाको भनाइ थियो ।

उहाँले फोरजी सेवाको गुणस्तर सुधार गर्दै क्रमशः फाइभजी सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माणमा तीव्रता दिनुपर्नेमा जोड दिनुभयो । उच्च गतिको इन्टरनेट सेवा विस्तार गर्न नेपाल दूरसञ्चार प्राधिकरणको ग्रामीण दूरसञ्चार विकास कोष (आरटिडिएफ) को रकम प्रभावकारी रूपमा परिचालन गर्न पनि सम्बन्धित निकायलाई निर्देशन दिनुभयो ।

काठमाडौँ उपत्यकासहित प्रमुख सहरमा अव्यवस्थित रूपमा झुन्डिएका तार व्यवस्थापनका लागि पनि नेपाल टेलिकम, नेपाल विद्युत् प्राधिकरण र सम्बन्धित निकायबीच सहकार्य आवश्यक रहेको बताउँदै उहाँले सहरी सौन्दर्य र सुरक्षित पूर्वाधार निर्माणका लागि तार व्यवस्थापनलाई प्राथमिकतामा राख्न आग्रह गर्नुभयो ।

छलफलमा नेपाल टेलिकमकी प्रवन्ध निर्देशक सङ्गीता पहाडीले विद्युत् पहुँचको अभाव दुर्गम क्षेत्रमा दूरसञ्चार सेवा विस्तारको प्रमुख चुनौती बनेको बताउनुभयो । उहाँका अनुसार हाल नेपाल टेलिकमका ३१६ वटा टावरमा राष्ट्रिय प्रसारण लाइनबाट भरपर्दो विद्युत् उपलब्ध छैन र ती टावर सोलार ऊर्जाको भरमा सञ्चालन भइरहेका छन् ।

## हुण्डी कारोबारमा संलग्न व्यक्ति पक्राउ

काठमाडौँ । झण्डै दुई अर्ब बराबरको हुण्डी कारोबारमा संलग्न भएको आरोपमा एक जना पक्राउ परेका छन् ।

केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले धादिङ घर भई नागार्जुन नगरपालिका-८ बस्ने वर्ष ४९ को राजेन्द्रप्रसाद रिजाललाई सोही ठाउँस्थित राधाकृष्ण मन्दिर क्षेत्रबाट पक्राउ गरेको हो । केही व्यक्तिले हुण्डी कारोबार गर्दै आएको भन्ने सूचनाको आधारमा त्यस्ता शङ्कास्पद व्यक्तिको बैंकिङ कारोबार विश्लेषण गर्दै जाने क्रममा उनलाई पक्राउ गरिएको ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक अनुपम शम्शेर जबराले जानकारी दिनुभयो ।

हाल निजले अन्य व्यक्तिसँगको मिलेमतोमा व्यक्तिगत खाता प्रयोग गरी रु एक अर्ब उनानब्बे करोड पैसट्ठी लाख ३९ हजार ४५४ बराबरको रकम हुण्डीको माध्मबाट कारोबार गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ ।

## प्रधानमन्त्रीसँग सभामुखको भेट

काठमाडौँ । प्रधानमन्त्री बालेन्द्र शाहसँग सभामुख डिपी अर्यालले भेटवार्ता गर्नुभएको छ । उहाँले नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका नेता रामबहादुर थापासँग पनि भेटवार्ता गर्नुभएको छ ।

सभामुख सचिवालयका अनुसार सभामुख अर्यालले विपक्षी दलका नेता भीष्मराज आङदेम्बे तथा नेपाली कम्युनिष्ट पार्टीका नेता वर्षमान पुनसँग मङ्गलबार छुट्टाछुट्टै भेटवार्ता गर्नुभएको थियो । प्रतिनिधिसभाको बैठकलाई प्रभावकारी, मर्यादित र परिणाममुखी बनाउने विषयमा सभामुखले उहाँहरुसँग छलफल गर्नुभएको थियो ।

त्यसैगरी, मङ्गलबार नै सभामुखले विभिन्न दलका प्रमुख सचेतक तथा सचेतकहरूसँग पनि छलफल गर्नुभएको थियो । छलफलमा प्रतिनिधिसभाको कार्य सञ्चालनलाई प्रभावकारी बनाउने तथा आगामी बैठकका कार्यसूचीलाई व्यवस्थित ढङ्गले अघि बढाउने विषयमा विचार आदानप्रदान भएको थियो ।

## कांग्रेस वरिष्ठ नेता श्रेष्ठको अन्त्येष्टि

काठमाडौँ । नेपाली कांग्रेसका वरिष्ठ नेता एवं पूर्वउपप्रधानमन्त्री गोपालमान श्रेष्ठको बुधबार पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ ।

कांग्रेसका सभापति गगनकुमार थापाले उहाँको पार्थिव शरीरमा पार्टीको झण्डा ओढाएर श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो । श्रेष्ठका छोराले उहाँलाई दागबत्ती दिनुभएको थियो । नेता श्रेष्ठप्रति श्रद्धाञ्जली व्यक्त गर्न पार्टीका शीर्ष नेताहरू आर्यघाट पुग्नुभएको थियो ।

वरिष्ठ नेता श्रेष्ठको पार्थिव शरीरलाई यसअघि कांग्रेसको पार्टी सानेपा काठमाडौँमा श्रद्धाञ्जलीका लागि राखिएको थियो । कांग्रेसको पार्टी कार्यालयमा उहाँप्रति श्रद्धाञ्जली व्यक्त गर्न विभिन्न दलका शीर्ष नेताहरू जानुभएको थियो ।

वरिष्ठ नेता श्रेष्ठको ७९ वर्षे उमेरमा ललितपुरको जावलाखेलस्थित हेलिअस अस्पतालमा उपचारका क्रममा मङ्गलबार भएको निधन भएको थियो । स्व श्रेष्ठ विद्यार्थी जीवनदेखि नै नेपाली कांग्रेसको राजनीतिमा सक्रिय रहँदै आउनुभएको थियो । स्व श्रेष्ठले यसअघि लोकतन्त्रको स्थापना, पुनःस्थापना तथा सुदृढीकरणका लागि भएका विभिन्न सङ्घर्ष र आन्दोलनहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको कांग्रेसले जनाएको छ । कांग्रेसका विभिन्न पदीय जिम्मेवारीमा रही नेतृत्व प्रदान गर्ने क्रममा उहाँले पटक-पटक गरी करिब छ वर्ष जेल जीवन बिताउनुभएको थियो । स्व श्रेष्ठ यसअघि विसं २०४८, २०५६, २०६४ मा स्याङ्जा जिल्लाबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो । स्व श्रेष्ठ यसअघि २०७० सालको संविधानसभा निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीबाट संविधानसभा सदस्यमा निर्वाचित हुनुभएको थियो । उहाँले नेपाल सरकारको उपप्रधानमन्त्रीका साथै भौतिक योजना तथा निर्माण, वन तथा वातावरण र वाणिज्य तथा शिक्षामन्त्रीका रूपमा जिम्मेवारी सम्हाल्नुभएको थियो ।

## निर्वाचन आयुक्तमा कार्कीको नाम अनुमोदन

काठमाडौँ । संसदीय सुनुवाइ समितिले प्रमुख निर्वाचन आयुक्तमा मानबहादुर कार्की, आयुक्तहरूमा गुरु वाग्ले र डा राजीव सुब्बाको नाम सर्वसम्मत अनुमोदन गरेको छ ।

सिंहदरबारस्थित समितिको बुधबारको बैठकमा प्रस्तावित प्रमुख निर्वाचन आयुक्त कार्की र आयुक्तहरूमा वाग्ले र सुब्बाको नाम अनुमोदन गरेको समितिका सभापति बोध नारायण श्रेष्ठले जानकारी गराउनुभयो । संवैधानिक परिषद्को सिफारिसमा संसदीय सुनुवाइले अनुमोदन गरेपछि उहाँहरूलाई राष्ट्रपतिले नियुक्ति गर्ने संवैधानिक व्यवस्था छ । संवैधानिक परिषद्को गत असार १९ गतेको बैठकले प्रमुख निर्वाचन आयुक्तमा कार्की तथा आयुक्त हरूमा वाग्ले र डा सुब्बाको नाम सिफारिस गर्ने निर्णय गरेको थियो ।

## नेप्से परिसूचक सामान्य अंकले घट्यो

काठमाडौँ । साउनः धितोपत्र बजारमा शेयर कारोबार मापन नेप्से परिसूचक बुधबार दिनभरजसो उतारचढावपूर्ण हुँदै अन्तिम समयमा सामान्य अङ्कले घटेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक सात दशमलव ७९ अङ्कले घटेर दुई हजार ६८८ दशमलव ८८ मा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ७८ अङ्कले घटेर ४७० मा पुगेको छ । त्यस्तै फ्लोट सूचक शून्य दशमलव ६५ अङ्कले घटेर १८४ दशमलव ५७ मा पुगेको छ ।




त्यस्तै सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ४२ अङ्कले घटेर १५९ दशमलव २७ मा पुगेको छ । बुधबार विभिन्न कम्पनीका ९७ लाख ७७ हजार ५१२ कित्ता शेयर रु चार अर्ब दुई करोड ९३ लाख ९० हजार ३५१ मूल्यमा खरिद बिक्री भएको छ । बुधबार १३ उपसमूहमध्ये दुई उपसमूह बढ्यो भने ११ उपसमूह घटेको छ । बुधबार ७८ कम्पनीको शेयर बढ्यो भने १८६ कम्पनीको शेयर घट्यो । त्यसैगरी ११ कम्पनीको शेयर स्थिर रह्यो ।

नेप्सेका अनुसार बुधबार एभरेष्ट कलर लिमिटेड, स्नो रिर्भस लिमिटेड, नबिल ब्यालेन्स फण्डलगायत लगानीकर्ताले कमाएका छन् । त्यस्तै गरी गरिमा समृद्धि योजना, सिभिल बैंक डिबेञ्चर, मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड लगायतका लगानीकर्ताले गुमाएका छन् ।

## नवनियुक्त मुख्यमन्त्री शाहीद्वारा शपथ

कर्णाली । कर्णाली प्रदेशका नवनियुक्त मुख्यमन्त्री मङ्गलबहादुर शाहीले पद तथा गोपनीयताको शपथ लिनुभएको छ ।

कर्णाली प्रदेश प्रमुखको कार्यालय सुर्खेतद्वारा बुधबार वीरेन्द्रनगरमा आयोजित समारोहमा मुख्यमन्त्री शाहीले प्रदेश प्रमुख यज्ञराज जोशीसमक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको हो । प्रदेश प्रमुख जोशीले नेपालको संविधानको धारा १७२ बमोजिम मुख्यमन्त्री शाहीलाई पद तथा गोपनीयता को शपथ गराउनुभयो ।




उक्त समारोहमा कर्णाली प्रदेशका सभामुख नन्दा गुरुङ, पूर्वमुख्यमन्त्रीत्रय यामलाल कँडेल, जीवनबहादुर शाही, राजकुमार शर्मा, उपसभामुख यशोदा न्यौपाने, उच्च अदालत सुर्खेतका मुख्य न्यायाधीश हरिप्रसाद भण्डारी, प्रदेशसभाका सदस्यहरू, प्रमुख सचिव, प्रदेश सचिव तथा सुरक्षा निकायका प्रमुखहरूको सहभागिता रहेको थियो । शाही नेकपा (एमाले)को समर्थनमा मङ्गलबार मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो । उहाँले बुधबारै पदभार ग्रहण गर्नुभएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com